# स्थानीय राजपत्र


**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) झापा, १ नं प्रदेश, नेपाल, आश्विन २८ गते २०७५ साल ( संख्या ५


## भाग १

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कचनकवल गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कानुन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## संवत् २०७५ को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन

## कचनकवल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित ऐन), २०७५

**प्रस्तावना :**

कचनकवल गाउँपालिकाको प्रशासनिक व्यवस्थापनलाई व्यवस्थित एवम् सरल सहज बनाउन; लेखापालन सम्वन्धी कार्यलाई थप व्यवस्थित गर्न; गाउँपालिका अन्तर्गत हुने विकास कार्यक्रम, योजना, आयोजना तथा गतिविधिहरु; सुशासन कायम गर्न गराउन, गाउँपालिका अन्तर्गतका आम नागरिकहरुलाई विकासको मूल प्रवाहमा ल्याउन नियम, कार्यविधिसमेत तयार गर्न वाञ्छिनिय भएकोले ;

कचनकवल गाउँपालिकाको दोश्रो गाउँ सभाबाट यो ऐन, पारित गरिएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम **'कचनकवल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५'** रहेको छ ।

(२) यो ऐन कचनकवल गाउँपालिका भर स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुने छ ।

**२. नियम बनाउने कचनकवल गाउँ कार्यपालिकाको अधिकार :**

(१) गाउँ कार्यपालिकाले देहाय वमोजिमका विषयहरुसँग सम्वन्धित नियम, कार्यविधि, मापदण्ड समेत बनाउन सक्नेछ ।

(क) प्रशासनिक व्यवस्थापन सम्वन्धी गाउँपालिकाको सबै काम नियमित रुपमा सूचारु राखी सरल सहज ढङ्गले सम्पादन गर्न र गाउँपालिका अन्तर्गतका आम नागरिकहरुलाई प्रवाह हुने सेवा सुविधालाई नियमित गर्ने,

(ख) गाउँपालिकाको आर्थिक प्रशासन सम्वन्धी कार्यलाई थप व्यवस्थित, मर्यादित बनाउने,

(ग) गाउँपालिकाको कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न, सुशासनको पक्षलाई व्यवस्थित गर्न गराउन, जनतालाई विकासको मूल प्रवाहमा ल्याउनका लागि आवश्य नियमहरु ।

(घ) गाउँपालिका क्षेत्रको भूउपयोग, शहरी विकास तथा भवन निर्माण, सम्वन्धी मापदण्ड, नियम तथा कार्यविधिहरु,

(ङ) संघ संस्था सञ्चालन तथा व्यवस्थापन सम्वन्धी निमयहरु

(२) उपदफा (१) अन्तर्गत बनाइएका नियमहरु नेपालको संविधान, संघीय कानून र प्रदेश कानूनसँग बाझिएको खण्डमा सो बाझिएको नियम स्वत: निष्क्रिय हुनेछ ।

**३. बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐन अन्तर्गत बनेका नियमहरुसमेत कार्यान्वयनका सिलसिलामा कुनै बाधा अडकाउ पर्न गएमा गाउँ कार्यपालिकाको बैठकबाट फुकाउन सकिने छ ।

**आज्ञाले,**
**तुलराज थापा मगर**
**प्रमुख प्रशासकीय अधिकृत**